नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय



## डिजिटल हेल्थ दिवस २०८० को अवसरमा शुभकामना सन्देश

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले २०७६ श्रावण ४ अर्थात आजका दिन तयार गरी कार्यान्वयनमा ल्याएको **ई-हेल्थ** मार्गचित्रले आज **डिजिटल हेल्थ दिवस** मनाउने अवसर दिएको छ। यस सन्दर्भमा ई-हेल्थ रणनीति २०७४ र सोको कार्यान्वयनका लागि तयार गरिएको मार्गचित्र तयार गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु।

सूचना तथा सञ्चार प्रविधिबाट आज संसार नै प्रभावित भएको छ। प्रविधिको उच्चतम र सही प्रयोगमार्फत सामाजिक र आर्थिक रूपान्तरण भएको हामीले देखेका छौं। नेपालमा बि.सं. २०२८ सालको जनगणनामा कम्प्युटरको प्रयोगबाट थालनी भएको सूचना प्रविधि आज घर-घर र हात-हातमा पुगिसकेको छ। लगभग ७३ प्रतिशत घरपरिवारमा कम्तिमा एउटा स्मार्ट मोबाईल फोन, आधाजसो परिवारमा टेलिभिजन रहेको र ३८ प्रतिशत परिवारको इन्टरनेटमा पहुँच रहेको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ बाट प्राप्त भएको छ, जसले जनताको घरदैलोमा पुग्ने बाटो विस्तार गरेको छ। यसैगरी ५५ प्रतिशत स्वास्थ्य संस्थामा इन्टरनेटसहितको कम्प्युटर रहेको तथ्यले स्वास्थ्य क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको द्रूत विकास भइरहेको देखिन्छ।

गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच पुऱ्याउने अभिभारा हामीले लिएका छौं र यसलाई पूरा गर्न सबै किसिमका उपाय र प्रविधि अवलम्बन गर्ने हाम्रो नीति रहेको छ। स्वास्थ्य क्षेत्रमा सूचना प्रविधिको प्रयोगका लागि विश्व स्वास्थ्य संगठनले दिएको ई-हेल्थको अवधारणालाई अवलम्बन गर्दै हामी सोको विस्तारित रूप डिजिटल हेल्थको कार्यान्वयनको चरणमा पुगेका छौं।

डिजिटल हेल्थलाई स्वास्थ्य क्षेत्रको व्यवस्थापकीय क्षमता बृद्धि र आधुनिकीकरण गरी स्वास्थ्य सेवालाई मितव्ययी, सहज, पहुँचयोग्य र गुणस्तरीय बनाउँदै स्वास्थ्यकर्मीहरूको व्यवसायिक क्षमता वृद्धि गर्ने औजारको रूपमा लिएका छौं। सूचना प्रविधिको विश्वव्यापी प्रतिस्पर्धामा सामिल हुनु विकल्परहित भएको अवस्थामा हामीले हाम्रा जनशक्तिको क्षमता विकास गरी स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनु जरुरी भएको छ। स्वास्थ्य सूचना प्रणाली सुदृढीकरण, टेलिमेडिसिन र डिजिटल प्रविधियुक्त अन्य स्वास्थ्य सेवा, आम सञ्चार र स्वास्थ्य शिक्षा, आपतकालीन स्वास्थ्य, मानव स्रोत व्यवस्थापन, स्वास्थ्य बीमा जस्ता क्षेत्रलाई प्रारम्भिक रूपमा कार्यसूची बनाई क्रमशः सूचना प्रविधिको प्रयोगको दायरा बढाउन मेरो आग्रह समेत छ। हाल स्वास्थ्य सेवामा रहेका विशेषज्ञ जनशक्तिको अभाव, स्वास्थ्य सेवा लिँदा लाग्ने समय, खर्च र श्रम न्यूनीकरण जस्ता विषयलाई समेत प्रविधिमा आधारित स्वास्थ्य सेवाले सम्बोधन गर्ने मैले विश्वास लिएको छु।

बञ्चितिकरणमा परेका र दुर्गम क्षेत्रका बासिन्दालाई पहिलो प्राथमिकतामा राख्दै गर्दा ज्ञानको अभावले डिजिटल हेल्थका सेवाबाट पुनः बञ्चित हुन सक्ने र यस प्रविधिको दुरुपयोग हुन सक्ने सम्भावना समेत हेरी कार्य अघि बढाउन आवश्यक छ। स्वास्थ्य सूचनाको गोपनीयता र सुरक्षा सुनिश्चित गरी डिजिटल सेवाप्रति जनताको विश्वास अभिवृद्धि गर्नु समेत भविष्यका चुनौती रहेका छन्।

डिजिटल हेल्थको विकास र विस्तारमा आवश्यक कानुन, नियम, निर्देशिका जस्ता शासकीय व्यवस्था, यसका मापदण्डको निर्माण र कार्यान्वयन, अन्तर्निकाय सहयोग र समन्वय संयन्त्रको स्थापना, सबै तहमा उपयुक्त संस्थागत संरचना, मिश्रित ज्ञानयुक्त जनशक्ति, डिजिटल हेल्थसँग मेल खाने मैत्री स्वास्थ्य पूर्वाधार, स्रोत, साधनको सुनिश्चिततालगायत आवश्यक विषयमा अविलम्ब कार्य अघि बढाउन समेत म आग्रह गर्दछु।

डिजिटल हेल्थको कार्यान्वयन बहुपक्षीय सहकार्य र प्रयासबाट मात्र सम्भव हुने भएकाले यसको नियमन, विकास र विस्तारमा सूचना प्रविधिको क्षेत्रमा कार्य गर्ने सरकारी निकाय, साझेदार संस्था, विज्ञ समुदाय, शैक्षिक संस्था र पत्रकारिता क्षेत्रसँग सहकार्य गर्नु जरुरी छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको डिजिटल अभियानमा सङ्घीय मन्त्रालय र यसका अङ्ग, प्रादेशिक र स्थानीय सरकार, साझेदार तथा दातृ निकाय, प्राज्ञ, अन्वेषक र वैज्ञानिक, नागरिक समाज र सञ्चार क्षेत्रलगायत सम्बद्ध सबै पक्षलाई सहकार्य र सहयोगका लागि आग्रह गर्दछु।

अन्त्यमा, स्वास्थ्य क्षेत्रमा डिजिटल प्रविधिको प्रयोगमा सहयोग र सहजीकरण गर्ने मेरा सहकर्मी र सबै क्षेत्रका सहयोगीलाई हार्दिक धन्यवाद दिँदै स्वास्थ्य सेवाको आधुनिकीकरण गरी सबैका लागि गुणस्तरीय स्वास्थ्य र स्वास्थ्यका राष्ट्रिय लक्ष्य प्राप्तिमा निरन्तर सहयोगका लागि अनुरोध गर्दै यस दिवसको उद्देश्य प्राप्तिका लागि शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

**२०८० साउन ४ गते**

**मोहन बहादुर बस्नेत**
**मन्त्री**